## सातै प्रदेशमा प्रमुख र सचिव नियुक्त

*स्वतन्त्र शक्ति संवाददाता*

काठमाडौं - सरकारले सातै प्रदेशमा प्रमुख र मुख्यमन्त्रीको कार्यालयमा सचिव नियुक्त गरेको छ।

प्रदेश नम्बर १ मा गोविन्द सुब्बा, प्रदेश नम्बर २ मा रत्नेश्वरलाल कायस्थ, प्रदेश नम्बर ३ मा अनुराधा कोइराला, प्रदेश नम्बर ४ मा बाबुराम कुँवर, प्रदेश नम्बर ५ मा उमाकान्त झा, प्रदेश नम्बर ६ मा दुर्गाकेशर खनाल र प्रदेश नम्बर ७ मा मोहनराज मल्ल प्रदेश प्रमुखमा नियुक्त भएका छन्। सरकारले मुख्यमन्त्रीको कार्यालय सचिवमा प्रदेश नम्बर १ मा यादव कोइराला, प्रदेश नम्बर २ मा राजेश्वरमान सिंह, प्रदेश नम्बर ३ मा रेश्मीराज पाण्डे, प्रदेश नम्बर ४ मा लक्ष्मण अर्याल, प्रदेश नम्बर ५ मा शंकर पाठक, प्रदेश नम्बर ६ मा सुरेश प्रधान र प्रदेश नम्बर ७ मा लक्ष्मीराज पौडेललाई नियुक्त गरेको छ।

सरकारले प्रदेश नम्बर १ को राजधानी विराटनगर, प्रदेश नम्बर २ को राजधानी जनकपुर, प्रदेश नम्बर ३ को राजधानी हेटौंडा, प्रदेश नम्बर ४ को राजधानी पोखरा, प्रदेश नम्बर ५ को राजधानी बुटवल, प्रदेश नम्बर ६ को राजधानी सुर्खेत र प्रदेश नम्बर ७ को राजधानी धनगढीमा प्रदेश सभाको पहिलो बैठक बस्ने गरी अस्थायी मुकाम तोकेको छ।

### 'स्वास्थ्य क्षेत्रमा स्पष्ट कार्यक्रम र पर्याप्त बजेट आएन'

# नगर प्रमुख अर्यालको गुनासो

*स्वतन्त्र शक्ति संवाददाता*



लमजुङ - मुलुक संघीयतामा आइसकेको र सिंहदरबारको अधिकार गाउँगाउँमा भन्ने स्थानीय सरकारको नारा भए पनि सरकारको अपुष्ट कार्यक्रमले जनप्रतिनिधि र जनता अन्यौलमा परेका छन्। यस्तै व्यथा लिएर ओकेलनु भएको छ, बेसीशहर नगरपालिकाका प्रमुख गुमानसिंह अर्यालले। नगर प्रमुख अर्यालले स्वास्थ्य क्षेत्रमा स्पष्ट कार्यक्रम र बजेट नआउँदा जनप्रतिनिधिको जिम्मेवारी लिएर काम गर्न निकै असहज भएको गुनासो गर्नुभएको छ।

बेसीसहरमा आयोजित 'स्वास्थ्य क्षेत्रमा सामाजिक जवाफदेहिता : स्थिति विश्लेषण र राजनीतिक-आर्थिक विश्लेषण, नतिजा तथा सिफारिस सार्वजनिकीकरण कार्यशाला' सम्बन्धित एक कार्यक्रममा बोल्दै नगरप्रमुख अर्यालले अहिले स्वास्थ्यको अधिकार नगरपालिकामा दिईएपनि त्यसबारे स्पष्ट कार्यक्रम र बजेट नआएको गुनासो गर्नुभएको हो। स्वास्थ्य क्षेत्रमा सामाजिक जवाफदेहिता स्थिति विश्लेषण र राजनीतिक तथा आर्थिक विश्लेषण अध्ययनका सुझाव तथा सिफारिस सार्वजनिकीकरण कार्यशालाका अवसरमा जिल्लास्थित सरोकारवालाले सो क्षेत्रको चर्चा गर्नुभएको थियो। स्वास्थ्यमा के-कस्ता गतिविधि र कार्यक्रम सञ्चाल गर्ने हो, त्यसका लागि कति बजेट आवश्यक पर्ने हो र कुन अवधिमा ती कार्य सम्पादन गर्ने हो जस्ता विषयमा अस्पष्टता हुँदा कार्य सम्पादनले गति लिन नसकेको नगर प्रमुख अर्यालले बताउनु भयो। 'नयाँ संरचना अनुरुप जनस्वास्थ्य कार्यालयका कर्मचारी हामीकहाँ पठाईएको छ' उहाँले भन्नुभयो, 'तर काम गर्ने सन्दर्भमा न स्वयं स्वास्थ्यका कर्मचारीलाई थाहा छ, न हामी जनप्रतिनिधिलाई नै। यस्तो अन्यौलको अवस्थामा कसरी काम गर्न सकिन्छ ?' उहाँले प्रश्न गर्नुभयो।

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले सो क्षेत्रका लागि केही बजेट नगरपालिकामा र स्वास्थ्य मन्त्रालयले पनि जनस्वास्थ्य कार्यालयमा बजेट पठाउने गरेकाले कार्यक्रममा दोहोरोपना आएको नगरप्रमुख अर्यालले बताउनु भयो। स्वास्थ्यसँगै अन्य कार्यालयहरुले पनि कर्मचारी नगरपालिकामा पठाएसँगै उनीहरुको तलब मात्रै उपलब्ध गराउने तर सेवाका लागि आवश्यक कार्यालय भाडा तथा सञ्चालन खर्च नदिने भएपछि आर्थिक भार थपिदै गएको अर्याल बताउनु हुन्छ। बेसीसहर मात्रै नभई जिल्लाका सुन्दरबजार, मध्यनेपाल, राईनास नगरपालिका, मर्स्याङ्दी, क्व्होलासोथर, दोर्दी र दुधपोखरी गाउँपालिकामासमेत यस्ता प्रमुख तथा उपप्रमुखहरुले बताउनु भएको छ। विषयगत क्षेत्रका दक्ष र अनुभवी कर्मचारी नहुँदा नगरपालिका मार्फत् ठोस र जनस्तरमा आवश्यक योजना निर्माण र प्राथमिकीकरणमा चुनौती रहेको बताउँदै यस्तो असहज अवस्थाको समाधान गर्न समेत नगरप्रमुख अर्यालले सम्बन्धित निकायलाई आग्रह गर्नुभएको थियो।

कार्यक्रममा जनस्वास्थ्य कार्यालयका प्रमुख वरिष्ठ जनस्वास्थ्य अधिकृत केशव चापागाईंले पनि स्वास्थ्य क्षेत्रमा स्थानीयतहको कार्यप्रगति उत्साहजनक नभएको बताउनु भयो। सेवाग्राहीलाई भरपर्दो, प्रभावकारी र सन्तोषजनक स्वास्थ्य सेवा दिनुपर्नेमा औषधी खरिद, ढुवानी तथा वितरण जस्ता कार्यमा समेत सन्तुलन नमिलेको उहाँको भनाई छ। प्रत्येक स्थानीयतहमा १५

(बाँकी ५ पेजमा)